स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता निखिल उप्रेतीको निर्माण, निर्देशन तथा अभिनय रहेको नयाँ फिल्म "आचार्य"को ट्रेलर सार्वजनिक गरिएको छ। शनिबार काठमाडौँमा आयोजित एक विशेष कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा निखिल उप्रेतीलाई दमदार एक्सन अवतारमा प्रस्तुत गरिएको छ। "भैरव" फिल्ममार्फत एक्सन भूमिकामा चर्चा बटुलेका निखिलले "आचार्य"मा आफ्नो एक्सनको दायरा अझ फराकिलो बनाएको ट्रेलरबाट स्पष्ट हुन्छ।

**आजको विचार...**



कागजमा... (दुई पेजमा)

शंकर भण्डारी



ब्लकबस्टर फिल्म निरन्तर दिँदै आएको दीपक दीपाश्री टिमको "छ माया छपक्कै २" असोज ३१ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले फिल्मको फष्टलुक पोष्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति अनधिकारिक रुपमा सार्वजनिक गरेको हो। फिल्मको फष्टलुक्समा दिपकराज गिरी, केकी अधिकारी, सनिशा भ राई देखिएका छन्। फिल्म दीपेन्द्र लामाले निर्देशन गरेका हुन्। दीपक-दीपाको ब्राण्ड र अघिल्लो भागको साखले गर्दा यो फिल्मलाई बक्सअफिसमा सुरक्षित मानिएको छ।

❒ वर्ष ३२ ❒ अंक ६५ ❒ २०८३ असोज ४ गते आइतबार 20 September 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अर्घाखाँचीबाट यातायात सेवा

**अर्घाखाँची,** असोज ३/अर्घाखाँचीबाट यातायात व्यवस्था कार्यालयको सेवा शुभारम्भ भएको छ । घरेलु तथा साना उद्योग कार्यालयमार्फत सेवा सुरु भएको हो । पहिलो चरणमा लुम्बिनी प्रदेशभित्र सञ्चालन हुने सवारीसाधनका लागि अस्थायी बाटो इजाजतपत्र (पटके) सेवा प्रदान गर्न थालिएको छ । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पहिलो दुई जना सेवाग्राहीलाई अस्थायी बाटो इजाजतपत्र प्रदान गर्दै बिहीबार सेवाको शुभारम्भ गरेका हुन । यातायातसम्बन्धी सेवा लिन अन्य जिल्लामा जानुपर्ने बाध्यता हटाउँदै जिल्लाबाटै सेवा उपलब्ध गराउने उद्देश्यले सेवा सुरु गरिएको छ । यसबाट अर्घाखाँचीका नागरिकलाई यातायातसम्बन्धी सेवा प्राप्त गर्न सहज हुने अपेक्षा गरिएको छ । प्रदेश सरकारले दिएको कायदिशअनुसार आम नागरिकलाई सहज, छरितो र प्रभावकारी ढङ्गले सेवा उपलब्ध गराउन प्रतिबद्ध रहेको घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका प्रमुख दुर्गा न्यौपानेले बताए । उनले कार्यालयबाट प्रदान गरिने सेवालाई व्यवस्थित र नागरिकमैत्री बनाउँदै सेवाग्राहीलाई अनावश्यक झन्झट नहुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# तानसेनको मध्यकालीन पहिचान खोजिँदै, विश्व सम्पदामा लैजाने तयारी

कृष्ण पोखरेल

**पाल्पा,** असोज ३ / बाइसे-चौबीसे राज्यदेखि मगरात र सेन राज्यसम्मको इतिहास बोकेको पाल्पाको तानसेनलाई मध्यकालीन शहरका रूपमा विश्वसम्पदा सूचीमा समावेश गराउने तयारी अघि बढाइएको छ ।

त्यसका लागि तानसेनमा रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा जीवनशैलीसँग सम्बन्धित सम्पदाको व्यवस्थित खोज, अध्ययन, अभिलेखीकरण, संरक्षण र व्यवस्थापन गरिने भएको छ । तानसेनलाई सन् २००८ मै युनेस्कोको सम्भावित विश्वसम्पदा सूचीमा समावेश गरिएको थियो । तर त्यसयता पनि सम्भावित सूचीमै रहेको तानसेनलाई स्थायी विश्वसम्पदा सूचीमा लैजान आवश्यक प्रक्रिया अघि बढाउन सरोकारवालाबीच छलफल सुरु गरिएको छ । तानसेनमा रहेका ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा स्थानीय जीवनशैलीसँग जोडिएका



सम्पदाको खोज, पहिचान, संरक्षण र व्यवस्थापन गर्दै शहरको मौलिक ऐतिहासिक पहिचान स्थापित गर्ने उद्देश्यले पुरक एसिया काठमाडौं र पाल्पा विकास केन्द्रले सरोकारवालासँग छलफल तथा परामर्श गरेको हो ।

छलफलमा विषय विज्ञ तथा अनुसन्धानकर्ता भुवन केसीले तानसेनलाई मध्यकालीन शहरका रूपमा स्थापित गर्न ऐतिहासिक संरचना, बस्तीको स्वरूप, पुराना बाटो, धार्मिक तथा सांस्कृतिक स्थल, पानीका स्रोत, परम्परागत निर्माण शैली, उत्पादन प्रणाली तथा तत्कालीन सामाजिक-सांस्कृतिक जीवनसँग जोडिएका प्रमाणको व्यवस्थित खोज र अभिलेखीकरण आवश्यक रहेको बताए । उनका अनुसार मध्यकालीन संरचना तथा वस्तुको खोज र पहिचानसँगै भेटिएका सम्पदाको संरक्षण, पुन:स्थापना र तिनलाई जीवन्त राख्ने योजना पनि आवश्यक छ । स्थानीय समुदायको जीवनसँग जोडेर सम्पदालाई कसरी संरक्षण तथा उपयोग गर्ने भन्ने विषयलाई पनि प्राथमिकतामा राख्नुपर्ने उनले बताए । केसीले तानसेनको मध्यकालीन पहिचान स्थापित गर्न इतिहासविद्, पुरातत्वविद्, संस्कृतिविद्, वास्तुविद् लगायत विषयगत विज्ञसँग नियमित परामर्श गर्नुपर्ने बताए । त्यसका लागि स्थानीय तहले दीर्घकालीन कार्ययोजना, स्पष्ट नीति र आवश्यक कानुनी संरचना निर्माण गर्नुपर्ने उनको भनाइ छ । पुरातत्व विभाग, संस्कृति मन्त्रालय, युनेस्को लगायत सम्बन्धित निकायसँग निरन्तर समन्वय र परामर्श गर्दै अघि बढेमा मात्र तानसेनलाई मध्यकालीन शहरका रूपमा विश्व सम्पदा सूचीमा समावेश गराउने प्रक्रिया प्रभावकारी रूपमा अघि बढाउन सकिने उनले बताए । इतिहास तथा संस्कृतिविद् निर्मल श्रेष्ठले तानसेनको मध्यकालीन पहिचान यहाँको रहनसहन, भेषभूषा, खानपान, बसोबासको शैली, कला-संस्कृति, धार्मिक गतिविधि, जात्रा, परम्परा, मन्दिर, मूर्ति, पुराना बस्ती तथा खेतीपाती प्रणालीसँग जोडिएको बताए । तानसेनमा अझै पनि मध्यकालीन जीवनशैलीका धेरै अवशेष रहेको भन्दै उनले तिनको खोज, अनुसन्धान र अभिलेखीकरण आवश्यक रहेको बताए । तानसेन र आसपासका धार्मिक तथा सांस्कृतिक स्थललाई समग्र ऐतिहासिक भूगोलका रूपमा अध्ययन गर्नुपर्ने उनको सुझाव छ ।

उनले रिडीको रुरु क्षेत्रधाम, तानसेनको रणउजीरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर तथा प्रभासको मणिमुकुन्देश्वर महादेव मन्दिरलगायतका स्थल र तिनभित्र रहेका संरचना तथा मूर्तिहरूको थप अध्ययन-अनुसन्धान आवश्यक रहेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## भोटेकोसी बाढी : सुरुङबाट थप ११ जनाको शव निकालियो



**काठमाडौं,** असोज ३/ रसुवाको भोटेकोसीमा भदौ १० मा आएको बाढीपछि सम्पर्कविहीन भएका माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाका कामदारको खोजीका क्रममा अडिट-३ सुरुङबाट ११ शव निकालिएको छ ।

नेपाली सेनाका अनुसार सुरुङभित्र जालीमा अल्झिएको र हिलोमा दबिएको अवस्थामा ती शव फेला परेका हुन् । आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले शनिबार ती शव बाहिर निकालेको हो । बाहिर निकालिएका शवको थप व्यवस्थापन तथा पहिचानको प्रक्रिया अघि बढाइनेछ । बाढीपछि आयोजनामा कार्यरत केही व्यक्ति सम्पर्कविहीन भएका थिए । उनीहरूको खोजीका लागि सुरुङ तथा आयोजनास्थलमा उद्धार टोली परिचालन गरिएको छ । उद्धार तथा खोजी अभियानमा नेपाली सेना, उद्धार टोली र आयोजनाका प्रतिनिधिहरू सहभागी छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले हालसम्म १४११ जनाको शव फेला परेको र ५ हजार बढी नागरिक बेपत्ता रहेको जनाएको छ ।

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट ३0 जना पक्राउ

**पाल्पा,** असोज ३/ देशका विभिन्न स्थानबाट लागूऔषध सहित विभिन्न स्पथानबाट ३० जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कास्की, महोत्तरी, बारा, सिराहा, ललितपुर, धनुषा, झापा, बझाङ, धनकुटा, कैलाली लगायतका जिल्लाबाट लागूऔषसहित ३० जना पक्राउ परेका हुन् ।



कास्कीको अन्नपूर्ण गाउँपालिका-३ धारापानी बस्ने २७ वर्षीय सन्देश परियार समेत २ जनालाई अवैध लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरीले सन्देशको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यसैगरी कास्कीकै पोखरा महानगरपालिका-५ बाट नियन्त्रित लागूऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्वत मोदी गाउँपालिका-६ डिमुवा घर भएका प्रेम सुवेदी, ३५ वर्षीय होम थापा, ३३ वर्षीय सुरज नेपाली, रूपन्देही मायादेवी गाउँपालिका-१ घर भएका ४२ वर्षीय जनमेज्य केवट, २९ वर्षीय महेन्द्र आरख र सिराहा नवराजपुर गाउँपालिका-३ घर भएका ३३ वर्षीय राजेन्द्र कुमार यादव रहेका छन् । वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले बा.प्र.०१-०३५ च १४३६ नम्बरको ईभी भ्यान जाँच गर्दा उक्त लागूऔषध फेला पारी चालक प्रेम र ईभी भ्यानमा सवार उनीहरूलाई पक्राउ गरेको हो । यस्तै कैलालीको जानकी गाउँपालिका-७ उच्चा गोलौरीबाट अवैध लागूऔषधसहित सोही ठाउँ बस्ने २९ वर्षीय बिर बहादुर चौधरी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै धनकुटाको धनकुटा नगरपालिका-६ गोलाई बस्ने महालक्ष्मी नगरपालिका-८ घर भएका २४ वर्षीय उज्वल थापालाई नियन्त्रित लागूऔषध सहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । यस्तै बझाङको बित्थडचिर गाउँपालिका-८ रूपैलबाट अवैध लागूऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा तलकोट गाउँपालिका-१ बस्ने ३२ वर्षीय नरेन्द्र कुमार ऐडी र जयपृथ्वी नगरपालिका-११ दयकुम्ला बस्ने ६१ वर्षीय सिंग धामी रहेका छन् ।

यस्तै झापाको दमक नगरपालिका-५ बाट अवैध लागूऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-५ बस्ने २३ वर्षीय सुजन माझी, २० वर्षीय सुविन कुमाल र २७ वर्षीय कुल प्रसाद सिवाकोटी रहेका छन् । यसैगरी झापाकै मेचीनगर नगरपालिका-७ ग्रामथानबाट अवैध लागूऔषध सहित २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३३ वर्षीय संजित राजबंशी र ३१ वर्षीय प्रबिण उराउ रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टा समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यस्तै धनुषाको धनुषाधाम नगरपालिका-८ धारापानी बजारबाट अवैध लागूऔषसहित सिराहा बरियारपट्टी गाउँपालिका-२ बस्ने २६ वर्षीय नितेश कुमार महत्तो समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिवास समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै ललितपुरको ललितपुर महानगरपालिका-६ बाट नियन्त्रित लागूऔषधसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## प्राकृतिक विपद् : दीर्घकालीन रणनीति बनाऊँ

नेपाल विपत्‌जन्य जोखिमका दृष्टिले अत्यन्त संवेदनशील मुलुक हो । जहाँ बारम्बार विभिन्न विपत्‌को सामना गर्नुपर्छ । नेपालले भोल्नुपरिरहेका प्रमुख विपत्‌मा भूकम्प, बाढी, पहिरो, डढेलो, हिमताल विस्फोट, चट्याङ, र अत्यधिक गर्मी तथा चिसो पर्छन् । भूकम्पको जोखिम उच्च रहेको नेपाल २०७२ को भूकम्पको भयानक अनुभवबाट गुज्रिएको धेरै भएको छैन । जसले करिब नौ हजार मानिसको ज्यान लियो र लाखौँलाई बेघर बनायो । मनसुनका समयमा बाढी र पहिरोले तराई र पहाडी क्षेत्रमा ठूलो क्षति पुऱ्याइरहेकै छ । गत भदौ १० गते आएको विनाशकारी बाढीलेरसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका क्षेत्रमा ठूलो जनधनको क्षतिसँगै भौतिक क्षति पुऱ्याएको छ । केन्द्रीय प्रहरी समाचार कक्षको पछिल्लो विवरणअनुसार बाढीबाट १ हजार ४ सय ११ को मृत्यु र ५ हजारभन्दा बढी मान्छे सम्पर्कविहीन छन् । हिउँदमा डढेलोले जैविक विविधता र पर्यावरणलाई नष्ट गर्दै आएको छ । हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमताल विस्फोटको जोखिम बढ्दो छ । चट्याङले ग्रामीण क्षेत्रका संरचनामा ठुलो क्षति पुऱ्याउँदै आएको छ भने अत्यधिक गर्मी र चिसोले ज्येष्ठ नागरिक र बालबालिकालाई गम्भीर असर पारिरहेकै छ । यी सबै समस्याले नेपाललाई थप जोखिमको डिलमा उभ्याएको छ, जसका लागि दीर्घकालीन रणनीति र सुदृढ व्यवस्थापनको खाँचो छ ।

विपद् व्यवस्थापनलाई विकास योजनाकै अभिन्न अंग बनाउनुपर्छ । दीर्घकालीन रणनीतिको पहिलो आधार जोखिम पहिचान र पूर्वतयारी हुनुपर्छ । कुन क्षेत्र बाढी, पहिरो वा भूकम्पको उच्च जोखिममा छन् भन्ने वैज्ञानिक अध्ययन गरी जोखिम नक्साङ्कन गर्न आवश्यक छ । त्यस्ता क्षेत्रमा सुरक्षित बस्ती विकास, भवन निर्माणका मापदण्डको कडाइका साथ कार्यान्वयन र जोखिमयुक्त क्षेत्रमा अनियन्त्रित बसोबास रोक्नुपर्छ । विद्यालय, अस्पताल, सडक, पुल र खानेपानीजस्ता अत्यावश्यक संरचनालाई विपद् प्रतिरोधी बनाउनु पनि उत्तिकै जरुरी छ । त्यसैगरी पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । बाढी, पहिरो तथा अन्य सम्भावित विपद्‌को सूचना समयमै स्थानीय समुदायसम्म पुऱ्याउन आधुनिक प्रविधिको प्रयोग गर्न सकिन्छ । स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था, विद्यालय र समुदायबीच नियमित समन्वय तथा विपदको बारेमा ज्ञान हुन आवश्यक छ । तसर्थ प्राकृतिक प्रकोपलाई रोक्न नसकिए पनि यसको क्षति कम गर्न सकिन्छ । त्यसका लागि बलिया सूचना संयन्त्र, सहकार्य र विपद् प्रतिकार्यमा राज्यले यथेष्ट लगानी गरी दिर्घकालीन रणनीति बनाउन जरुरी छ ।

### Opinion @ Social Network

"जसलाई मैले जीवनको सबैभन्दा ठूलो प्राथमिकता बनाएँ,
उसैले मलाई आफ्नो समयको सबैभन्दा सस्तो विकल्प बनाइदियो।"
*(कुशल मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Kushal.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कागजमा स्वास्थ्यको अधिकार, सडकमा प्रसूति



**शंकर भण्डारी**

*सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालबाहिर प्रसूति व्यथाले थलिएकी ३० वर्षीया बबिताकुमारी पासवानले सडकपेटीमै नवजात शिशुलाई जन्म दिनुपरेको घटना त्यसैको ऐना हो । उनका पति हरेराम पासवानका अनुसार परिवारसँग करिब दुई हजार रुपैयाँमात्र थियो तर आवश्यक परीक्षणका लागि करिब ३ हजार २०० रुपैयाँ लाग्ने अस्पतालले बताएको थियो । बाँकी रकम जुटाउन उनी बाहिर गएका बेला बबिताले अस्पताल परिसरबाहिरै बच्चा जन्माउनुपऱ्यो । अस्पताल प्रशासनका अनुसार प्रसूति सेवा निःशुल्क भए पनि विस्तृत परीक्षणहरू निःशुल्क कार्यक्रमभित्र नपर्न सक्छन् र विपन्नका लागि 'सामाजिक सेवा एकाइ' मार्फत सहयोग उपलब्ध हुन्छ । परिवारले आफूहरूसँग पैसा नभएको जानकारी नगराई बाहिरिएको अस्पतालको भनाइ छ । यसबारे जिल्ला प्रशासन र स्वास्थ्य मन्त्रालयले छानबिन गरिरहेका छन् ।*

नेपालमा राज्यका नीति, संविधानका अक्षर र राजनीतिक भाषण सुन्दा नागरिकको जीवन निकै सुरक्षित देखिन्छ । स्वास्थ्यलाई मौलिक हक भनिएको छ, सुरक्षित मातृत्वलाई राज्यको दायित्व मानिएको छ र गरिब तथा विपन्न नागरिकलाई उपचारबाट वञ्चित हुन नदिने प्रतिबद्धता हरेक दलका घोषणापत्रमा दोहोरिन्छन् । तर कहिलेकाहीँ एउटै घटनाले वर्षौँदेखि गरिँदै आएका भाषण र व्यवहारबीचको दूरीलाई नाङ्गै पारिदिन्छ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालबाहिर प्रसूति व्यथाले थलिएकी ३० वर्षीया बबिताकुमारी पासवानले सडकपेटीमै नवजात शिशुलाई जन्म दिनुपरेको घटना त्यसैको ऐना हो । उनका पति हरेराम पासवानका अनुसार परिवारसँग करिब दुई हजार रुपैयाँमात्र थियो तर आवश्यक परीक्षणका लागि करिब ३ हजार २०० रुपैयाँ लाग्ने अस्पतालले बताएको थियो । बाँकी रकम जुटाउन उनी बाहिर गएका बेला बबिताले अस्पताल परिसरबाहिरै बच्चा जन्माउनुपऱ्यो । अस्पताल प्रशासनका अनुसार प्रसूति सेवा निःशुल्क भए पनि विस्तृत परीक्षणहरू निःशुल्क कार्यक्रमभित्र नपर्न सक्छन् र विपन्नका लागि 'सामाजिक सेवा एकाइ' मार्फत सहयोग उपलब्ध हुन्छ । परिवारले आफूहरूसँग पैसा नभएको जानकारी नगराई बाहिरिएको अस्पतालको भनाइ छ । यसबारे जिल्ला प्रशासन र स्वास्थ्य मन्त्रालयले छानबिन गरिरहेका छन् । छानबिनको निष्कर्ष जेसुकै आए पनि एउटा आधारभूत प्रश्नबाट राज्य उम्कन सक्दैन – प्रसूति व्यथामा अस्पताल पुगेकी महिलाको पहिलो अधिकार सुरक्षित उपचार हो कि पैसा ? यही प्रश्नले नेपालको स्वास्थ्य प्रणालीको वास्तविक चरित्र उजागर गरेको छ । नेपालको संविधानले स्वास्थ्य उपचारलाई नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ । सर्वोच्च अदालतले पनि सरकारी अस्पतालबाट उपचार पाउनु नागरिकको हक भएको र त्यसको व्यवस्था गर्नु सरकारको दायित्व हुने व्याख्या गरिसकेको छ । तर व्यवहारमा गरिब नागरिकले अझै पनि स्वास्थ्य सेवा र आफ्नो खल्तीबीच छनोट गर्नुपर्ने बाध्यता छ । अस्पतालको ढोकामा पुगेपछि उपचार के भन्ने भन्दा बिरामीसँग "कति पैसा छ?" भन्ने प्रश्न अगाडि आउँछ भने मौलिक हक र व्यवहारबीचको खाडल कति गहिरो छ भन्ने स्पष्ट हुन्छ । स्वास्थ्य सेवा व्यापारिक वस्तु होइन । विशेषगरी आपत्कालीन अवस्थामा हुँदै होइन।

**भाषण र वास्तविकताको दूरी**

नयाँ सरकार गठन हुँदा जनताले पुराना समस्या समाधान हुने अपेक्षा गर्छन् । वालेन शाह नेतृत्वको वर्तमान सरकारले पनि सुशासन, जनउत्तरदायी शासन, शिक्षा, स्वास्थ्य र नागरिकको जीवनस्तर सुधारलाई राजनीतिक प्राथमिकता बनाएको छ । त्यसैले अहिलेको प्रश्न पुराना सरकार असफल थिए कि थिएनन् भन्ने नभएर आज जिम्मेवारीमा रहेको सरकारले विगतका कमजोरी अन्त्य गर्न के गरिरहेको छ भन्ने हो । सरकार परिवर्तनको अर्थ अनुहारमात्र नभई प्रणाली परिवर्तन पनि हो । सप्तरीको घटना पुरानो स्वास्थ्य प्रणालीको निरन्तरता हो भने त्यसलाई बदल्ने जिम्मेवारी वर्तमान सरकारकै हो । यो समस्या सप्तरीमा मात्र सीमित छैन । देशभरबाट चिकित्सकको अभाव, औषधि नपाइनु, एम्बुलेन्स नहुनु, विशेषज्ञ सेवाको कमी र रेफरलमा ढिलाइजस्ता खबर निरन्तर आइरहेका हुन्छन् । सल्यान जिल्ला अस्पतालमा शल्यक्रिया सेवा रोकिँदा जटिल अवस्थाका गर्भवती दाङ, नेपालगन्ज वा सुर्खेत धाउन बाध्य भए । यसले स्पष्ट पार्छ अस्पतालको भवन हुनु र उपचार उपलब्ध हुनु एउटै कुरा होइन । दुर्गममा भवन भए पनि विशेषज्ञ र औषधि छैनन् भने त्यो सेवा अधुरो हुन्छ । त्यस्तै, काभ्रेपलाञ्चोकमा जटिल प्रसूति अवस्थाकी महिलालाई खराब मौसमका कारण हवाई उद्धार सम्भव नभएपछि कठिन स्थलमार्गबाट पठाउनुपरेको थियो । धनुषा अस्पताल जनकपुरमा प्रसूति जटिलतापछि एक महिलाको मृत्यु भयो । यस्ता घटनालाई अलग अलग भवितव्य मानेर बिर्सिंदा प्रणालीगत समस्या कहिल्यै समाधान हुँदैनन् । स्वास्थ्य सेवाको आर्थिक भार झन् गम्भीर छ । गंगालाल फदय केन्द्रमा बाराकी १६ वर्षीया सुनिता कुमारीले आर्थिक अभावकै कारण उपचारमा ढिलाइ भोग्नुपऱ्यो । सल्यानमा निःशुल्क उपलब्ध हुनुपर्ने दीर्घरोगका औषधि महिनौँसम्म नआउँदा बिरामी निजी पसलबाट किन्न बाध्य छन् । स्वास्थ्य बिमा सेवासमेत रोकिँदा त्यसको मार गरिब र मध्यमवर्गीय परिवारमाथि परेको छ । यी घटनाले एउटै प्रश्न उठाउँछन् – राज्यले नागरिकलाई स्वास्थ्यको अधिकार दिएको हो कि स्वास्थ्य सेवा किन्न सक्ने क्षमता भएकालाई मात्र ?

**अन्तर्राष्ट्रिय अभ्यासबाट के सिक्ने ?**

संसारका अन्य मुलुकका स्वास्थ्य प्रणालीबाट नेपालले धेरै कुरा सिक्न सक्छ । जापान, अमेरिका, दक्षिण कोरिया वा भुटानका स्वास्थ्य प्रणालीमा पनि खर्च र भुक्तानीका आफ्नै नियम छन् । तर मुख्य पाठ के हो भने – आपत्कालीन अवस्थामा बिरामीको जीवन बचाउने उपचारलाई तत्काल खल्तीको पैसासँग जोड्नु हुँदैन । भुटानले सीमित स्रोतसाधनमा पनि आधारभूत सार्वजनिक स्वास्थ्य सेवा नागरिकलाई निःशुल्क उपलब्ध गराउँदै आएको छ । अमेरिकाको स्वास्थ्य प्रणाली महँगो भए पनि त्यहाँको आपतकालीन चिकित्सा तथा प्रसूति ऐन (EMTALA) कानुनअनुसार आपत्कालीन विभाग भएका अस्पतालले बिरामीको पैसा तिर्ने क्षमताका आधारमा आपत्कालीन उपचार अस्वीकार गर्न पाउँदैनन् । जापान र दक्षिण कोरियामा राष्ट्रिय स्वास्थ्य बिमा प्रणालीलाई सामाजिक सुरक्षासँग जोडिएको छ जहाँ बिरामीले तत्काल रकम जुटाउन नसकेकै कारण आकस्मिक उपचारबाट वञ्चित हुनुपर्दैन ।

**'पहिले उपचार, पछि भुक्तानी' नीति**

नेपालले अब आपत्कालीन स्वास्थ्य सेवाका लागि "पहिले उपचार, पछि भुक्तानी" (Treatment First, Payment Later) को कानुनी सिद्धान्त स्थापित गर्नुपर्छ । अस्पताल पुगेका आपत्कालीन बिरामीलाई तत्काल उपचार गर्ने र पछि स्वास्थ्य बिमा, सामाजिक सुरक्षा कोष वा सरकारी संयन्त्रमार्फत खर्च व्यवस्थापन गर्ने कानुन बनाइनुपर्छ । विपन्न परिवारका लागि किस्ताबन्दी वा पूर्ण छुटको व्यवस्था गर्न सकिन्छ । डिजिटल स्वास्थ्य परिचयपत्र र एकीकृत बिमा प्रणाली लागू गरिए यो व्यवहारमै सम्भव हुन्छ । यसका लागि कानुन, नियमावली, स्वास्थ्य बिमा ऐन र अस्पताल सञ्चालन निर्देशिकामा पुनर्संरचना आवश्यक छ । संविधानमा मौलिक हक लेखेरमात्र पुग्दैन त्यसलाई कार्यान्वयन गर्ने आर्थिक र प्रशासनिक संरचना पनि उत्तिकै बलियो हुनुपर्छ ।

**आपूर्ति व्यवस्थापनको असफलता**

स्वास्थ्य संकटसँगै काठमाडौंलगायत क्षेत्रमा हालै देखिएको खाना पकाउने एलपी ग्यासको अभावले राज्यको आपूर्ति व्यवस्थापनको पोल खोलेको छ । लामो लाइन र अनिश्चित आपूर्तिका कारण विद्यार्थी, वृद्धवृद्धा, बिरामी र सुत्केरी महिला बढी प्रभावित भए । संसद्मा सांसदहरूले ग्यास अभावका कारण सुत्केरी पत्नीलाई खाना खुवाउन नसकेर एक युवाले आत्महत्या प्रयास गरेको गम्भीर विषयसमेत उठाए । प्राकृतिक विपत्ति वा अन्य कारण जे भए पनि संकटका बेला सुत्केरी, बिरामी र अशक्त परिवारलाई प्राथमिकता दिने व्यवस्था प्रभावकारी हुनुपर्छ । अस्पतालमा पैसा नभएको बिरामी र बजारमा ग्यास नपाएको सुत्केरी परिवार दुवै घटनाले एउटै कुरा पुष्टि गर्छन् - राज्यको कमजोर व्यवस्थापनको भार सधैँ कमजोर नागरिकले नै बोक्नुपर्छ ।

**मातृ स्वास्थ्य र राज्यको परीक्षा**

नेपालले मातृ मृत्युदर घटाउन प्रगति गरे पनि चुनौती कायम छ । विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा १५१ छ जसको प्रमुख कारण अत्यधिक रक्तस्राव हो । यस्तो अवस्थामा समयमै स्वास्थ्य संस्था पुग्नु, दक्ष स्वास्थ्यकर्मी, आवश्यक परीक्षण र औषधि तुरुन्त पाउनु जीवन-मरणको विषय हुन्छ । त्यसैले मातृ स्वास्थ्यलाई एम्बुलेन्स सेवादेखि अस्पतालको पूर्वाधार, चिकित्सक र आर्थिक पहुँचसम्मको एकीकृत शृंखलाका रूपमा हेरिनुपर्छ । सप्तरी घटनापछि सरकारले थालेको छानबिन स्वागतयोग्य छ तर फाइल बन्द गर्दैमा समस्या सुल्झिँदैन । सरकारसामु अब स्पष्ट प्रश्न छ – नेपालमा आकस्मिक अवस्थामा पैसा नभए पनि तत्काल उपचार पाउने कानुनी ग्यारेन्टी कहिले हुन्छ ? सरकारको सफलता भवन र नाराले मात्र मापन हुँदैन । लोकतन्त्रमा राज्यको वास्तविक चरित्र तब देखिन्छ जब सबैभन्दा कमजोर नागरिक मद्दत माग्दै उसको ढोकामा पुग्छ । पैसा नभएकी गर्भवती महिलाले सडकपेटी रोज्नुपर्ने नियति अन्त्य हुनुपर्छ । सप्तरीको सडकपेटीमा जन्मिएको शिशु एउटा परिवारको सन्तानमात्र नभएर सिङ्गो स्वास्थ्य प्रणालीमाथि खडा भएको प्रश्न हो । कागजमा मौलिक हक लेखेर मात्र राज्य कल्याणकारी हुँदैन, त्यो हक अस्पतालको ढोकाभित्र व्यवहारमा लागू हुनुपर्छ । "आकस्मिक अवस्थामा बिरामी पहिले, पैसा पछि जीवन पहिले, हिसाब पछि" भन्ने नीति नै अबको स्वास्थ्य नीतिको मूल आधार बन्नुपर्छ । ***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्या : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : छिटो निर्णय लिने बानीले काममा गति दिनेछ। क्षमता देखाउने अवसर मिल्नेछ। | **तुला**: तपाईंको भूमिका महत्वपूर्ण बन्न सक्छ। छोटो घुमफिर उपयोगी हुनेछ। |
| **वृष** : धैर्यले अघि बढ्दा रोकिएको काम मिल्नेछ। स्थिर प्रगति कायम रहनेछ। | **वृश्चिक** : जटिल विषय स्पष्ट पार्नेछ। आर्थिक कारोबारमा गोपनीयता राख्नुहोस्। |
| **मिथुन** : कुरा बुझ्ने क्षमता उपयोगी बन्नेछ। धेरै विषय समात्दा ध्यान भंग हुन सक्छ। | **धनु** : समय कायम नगर्दा काम छुट्न सक्छ। सवारी साधनको गति नियन्त्रण गर्नुहोस्। |
| **कर्कट** : माया र सहयोगले सम्बन्ध बलियो हुनेछ। खर्चको सीमा तय गर्नु राम्रो हुन्छ। | **मकर** : मेहनतको प्रतिफल देखिनेछ। वरिष्ठ व्यक्तिबाट मार्गदर्शन प्राप्त हुनेछ। |
| **सिंह** : नेतृत्वदायी भूमिका पाउन सकिन्छ। प्रतिष्ठाको विषयमा सोचेर कदम चाल्नुहोस्। | **कुम्भ**: काममा राम्रो प्रगति हुनेछ। सामाजिक सम्पर्कबाट सूचना हात लाग्नेछ। |
| **कन्या** : महत्वपूर्ण काम सफल हुनेछ। हिसाब मिलाउने कुरामा सावधान हुनुहोस्। | **मीन** : सम्बन्धमा मिठास आउनेछ। आर्थिक निर्णयमा प्राथमिकता दिनुहोस्। |

## कृषि

# 'कृषि र पशु बिमाको भुक्तानीलाई प्रभावकारी बनाइन्छ'



कृषि, वन तथा वातावरण मन्त्री गीता चौधरीले कृषि क्षेत्रमा देखिएका समस्याहरूको समाधान र किसानको हितका लागि मन्त्रालयले विभिन्न नीतिगत व्यवस्था गरिरहेको बताएकी छिन् । राष्ट्रिय सभाको शुक्रबारको बैठकमा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै मन्त्री चौधरीले बिमा र राहत वितरणलाई थप व्यवस्थित बनाइने प्रतिबद्धता व्यक्त गरिन् । सांसदहरूले उठाएको राहत तथा क्षतिपूर्तिको विषयमा जवाफ दिँदै मन्त्री चौधरीले भनिन्, 'कृषि तथा पशुपन्छी बिमामा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँदै आएका छौँ । अन्य अनुदानहरू बिस्तारै कटौती गर्दै बिमा कार्यक्रमलाई नै प्राथमिकीकरण गरिएको छ ।' उनले किसानको क्षति विवरणका आधारमा राहत वितरण गर्न मन्त्रिपरिषद्को निर्णय बमोजिम आवश्यक कार्यविधि निर्माण गरिएको जानकारी दिइन् । बाँदरको आतङ्क र यसले किसानलाई पारेको मर्काप्रति मन्त्रालय गम्भीर रहेको उल्लेख गर्दै मन्त्री चौधरीले यसको समस्या समाधानका लागि अध्ययन समितिले रिपोर्ट बुझाइसकेको बताइन् । उनले भनिन्, 'रिपोर्टअनुसार अहिले २० वटा जिल्लामा नमुना कार्यक्रममार्फत बाँदर नियन्त्रण तथा व्यवस्थापन गर्ने तयारी छ । छिट्टै नै यसको कार्यान्वयन हुनेछ ।' जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्न मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी काम गरिरहेको मन्त्रीले बताइन् । उनले बाढी, पहिरो र आगलागीबाट पीडित किसानलाई क्षतिपूर्ति दिने सन्दर्भमा सैीय मन्त्रालयबाटै थप सहजीकरण गरिने बताइन् । 'विपद्को अवस्थामा किसानको बाली तथा पशुपन्छीको क्षति भएमा स्थानीय र प्रदेश सरकारको सिफारिसमा राहत उपलब्ध गराउने गरिएको छ,' उनले स्पष्ट पारिन् । मन्त्री चौधरीले कृषि उत्पादन बढाउन आधुनिक प्रविधि र सूटवेयरको प्रयोगमा जोड दिइन् । उनले एग्रिकल्चर एण्ड लाइभस्टक इन्स्योरेन्स सिस्टममार्फत रियल टाइममा आधारित कृषि बिमाको व्यवस्था गरिने बताइन् । यसले गर्दा किसानलाई छिटो र पारदर्शी रूपमा क्षतिपूर्ति दिन सहज हुने उनको भनाइ थियो । सांसदहरूले उठाएका कृषि तथा वनजन्य उद्योगहरूको अवस्था र किसानका समस्याका बारेमा मन्त्रीले भनिन्, 'वीरगन्ज चिनी कारखाना, जनकपुर चुरोट कारखाना र हेटौँडा कपडा उद्योगजस्ता ऐतिहासिक औद्योगिक संरचनाहरूको पुनरुत्थान गर्ने विषयमा सरकार गम्भीर छ ।' साथै उनले कृषकले पाउने मलखाद र समयमै बिउविजनको अभाव नहोस् भन्नका लागि मन्त्रालयले बजेट तथा कार्यक्रममा विशेष प्राथमिकता दिएको बताइन् । मन्त्री चौधरीले किसानको आर्थिक सबलीकरण र खाद्य सुरक्षाको सुनिश्चितताका लागि मन्त्रालय सधैँ तत्पर रहेको बताउँदै स्थानीय र प्रदेश सरकारसँगको सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाइन् ।

*-रातोपाटी डटकम*

# अलैँचीको बजार मूल्य निरन्तर ओरालो



भदौ पहिलो सातादेखि कारोबार सुरु भएको अलैँचीको बजार मूल्य निरन्तर ओरालो लागेको छ । नयाँ उत्पादन बजारमा आउन थालेसँगै कारोबार सुरु भएको अलैँचीको मूल्य ह्वात्तै ओरालो लागेको हो । एकै दिनमा एक हजारका दरले मूल्य घटेको ताप्लेजुङका अलैँची व्यावसायी कमल बरालले जानकारी दिए । ताप्लेजुङमा प्रतिमन (४० किलोग्राम) ८३ हजार रुपैयाँमा कारोबार भएको थियो भने बिहीबार एक हजार रुपैयाँ मूल्य घटेर ८२ हजार रुपैयाँमा कारोबार छ । ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा भदौ पहिलो साता प्रतिमन ( ४० किलोग्राम) ९६ हजार रुपियाँमा कारोबार भएको थियो । भदौको दोस्रो साताभर सुरुकै मूल्यमा अलैँचीको कारोबार भएको र त्यसपछि मूल्य घट्न थालेको अलैँची व्यवसायी संघ ताप्लेजुङका अध्यक्ष भद्रबिर रेग्मीले जानकारी दिए । फुङ्लिङ बजारका व्यवसायीसमेत रहनुभएका रेग्मीका अनुसार भदौ तेस्रो सातापछि अलैँचीको मूल्य निरन्तर घटेको थियो । मनको ९६ हजार रुपियाँमा कारोबार भएको अलैँचीको मूल्य घटेर ८३ हजार रुपियाँसम्म पुगेको र पछिल्लो चार, पाँच दिनयता पुन: दुई हजारले वृद्धि भई प्रतिमन ८५ हजार रुपियाँमा कारोबार भएको थियो । व्यवसायी रेग्मीले अन्तर्राष्ट्रिय बजारबाट अलैँचीको माग नभएका कारण अलैँचीको मूल्यमा गिरावट आएको बताए । अहिले अन्तर्राष्ट्रिय बजारबाट माग नभए पनि गतवर्ष प्रतिमन एक लाख रुपियाँ बढीमा अलैँचीको कारोबार भएको आधारमा स्थानीय व्यापारीले चालु मूल्य निर्धारण गरी कारोबार गर्दै आएको उनको भनाइ छ । दसैँ तिहारजस्ता चाडपर्व नजिकिएको र अन्तर्राष्ट्रिय बजारबाट समेत माग भएमा अलैँचीको मूल्य केही वृद्धि हुने सम्भावना रहेको उनले बताए । यता यसवर्ष अलैँचीको नयाँ उत्पादन (फसल) बजारमा निस्किन थाल्दा आकर्षक मूल्यमा कारोबार भएको थियो । अलैँची व्यवसायी सैका अध्यक्ष रेग्मीका अनुसार गत वर्षभन्दा यसवर्ष नयाँ अलैँची मनको १४ हजार रुपियाँ बढीमा मूल्यमा कारोबार भएको थियो । गतवर्ष सुरुमा अलैँची प्रतिमन ८२ हजार रुपियाँले कारोबार भएको थियो । गतवर्ष नयाँ अलैँची सुरुमा प्रतिमन ८२ हजार रुपियाँले कारोबार भए पनि मुख्य कारोबार हुने समयमा साधारण अलैँचीको मूल्य एक लाख पाँच हजार रुपियाँ बढी पुगेको थियो । यो वर्ष पनि अलैँचीको मूल्य मनको एक लाख रुपियाँ बढी पुग्ने अपेक्षा स्थानीय किसान तथा व्यवसायीको रहेको छ । अलैँचीको मुख्य सिजन भने असोज र कात्तिक महिना हो । तर पछिल्लो दिनहरुमा अलैचीको बजार मूल्य निरन्तर ओरालो लाग्न थालेसंगै किसान चिन्तित हुनथालेका छन् ।

*-डिसी नेपाल डटकम*

# सेनाको जागिर छाडेर तरकारी खेती, लालबहादुरको प्रेरणाले २५ परिवार बने आत्मनिर्भर



बाजुराको बडीमालिका नगरपालिका-८ गडखेतका लालबहादुर ऐडीले तरकारी खेती गर्न थालेको दशक पुग्न लाग्यो । सुरुमा सामान्य परम्परागत खेती गर्दै आएका ऐडीले व्यावसायिक रूपमा तरकारी खेती सुरु गरेपछि हाल उनको दैनिकी बारीको हेरचाह, उत्पादन र बिक्रीमा बित्ने गरेको छ । सदरमुकाम मार्तडी नजिकै गडखेतका लालबहादुर हरेक दिन बिहानदेखि साँझसम्म तरकारी बारीमै व्यस्त हुन्छन् । उनले हाल करिब १२ रोपनी क्षेत्रफलमा विभिन्न प्रजातिका तरकारी उत्पादन गर्दै आएका छन् । सुरुमा तरकारी खेतीबाट राम्रो आम्दानी हुन्छ भन्ने विश्वास कम रहेको उनी बताउँछन् । गाउँघरमा परम्परागत रूपमा अन्नबाली लगाउने चलन रहेकाले व्यावसायिक खेतीतर्फ किसानको खासै आकर्षण नभएकोमा अहिले आफूले उत्पादन गरेको तरकारीबाट आम्दानी हुन थालेपछि अन्य किसान पनि आकर्षित भएको उनको भनाइ छ ।

**सहरबाट फर्किएर गाउँमै उद्यम**

लालबहादुर विसं २०७५ मा बाजुराबाट सैीय राजधानी काठमाडौँ गएका थिए । नेपाली सेनामा कार्यरत उनकी साली पुनम रावलले तरकारी खेती गर्न काठमाडौँ आउन आग्रह गरेपछि लालबहादुरले पाँच वर्ष त्यतै व्यावसायिक तरकारी खेती गरे । 'तीन रोपनी क्षेत्रफलमा १५ वटा टनेलमा तरकारी खेती गरिरहेको थिएँ। त्यहाँ बजारको कुनै समस्या थिएन, बारीमै बिक्री हुन्थ्यो,' ऐडी भन्छन्, 'त्यो बेचेर वार्षिक सात लाखभन्दा बढी आम्दानी हुन्थ्यो । दुईवटा गाई थिए, दिनमा ३५ लिटर दूध बेच्थेँ, राम्रो थियो ।' काठमाडौँमा सेवासुविधा र बजारको सहजता भए पनि आफ्नै गाउँमा केही गर्नुपर्छ भन्ने सोचले उनी पुन: गाउँ फर्किए । गाउँ फर्किएपछि व्यावसायिक खेती गर्ने सोचका साथ उनले हिमाल बहुउद्देश्यीय कृषि फार्म दर्ता गरे । केही आफ्नै जग्गा र केही भाडामा लिएर उनले गोलभैँडा, लौका, काँक्रो, प्याज, काउली, बोडीलगायत विभिन्न किसिमका तरकारी लगाएका छन् ।

**वार्षिक १५ लाखको तरकारी बिक्री**

व्यावसायिक खेतीमा जमेका लालबहादुरको बारीबाट वार्षिक १५ लाख रुपैयाँ बराबरको तरकारी बिक्री हुने गरेको छ । उत्पादित तरकारी सदरमुकाम मार्तडी र बाम्कालगायतका बजारमा बिक्री गर्ने गरेको उनले बताएका छन् । उत्पादन भएको तरकारी घरमै आएर खरिद गर्ने व्यापारीदेखि स्थानीय बजारसम्म पुग्ने गरेको छ । उनको बारीमा सबैभन्दा बढी गोलभैँडा छ । दैनिक ५० किलोसम्म बिक्री हुने गरेको उनी बताउँछन् । सबै तरकारी बिक्रीबाट वार्षिक रूपमा आठ लाख रुपैयाँ बचत हुने गरेको उनले सुनाए । परम्परागत रूपमा अन्नबाली उत्पादन गर्दै आएका ऐडीले त्यसबाट हुने आम्दानीको तुलनामा तरकारी खेतीबाट राम्रो आम्दानी भएको बताए । थोरै क्षेत्रफलमा मेहनत र लगानी गर्न सके तरकारीबाट छोटो समयमै आम्दानी लिन सकिनेमा उनी ढुक छन् । 'यसमा काम धेरै छ, तर मेहनत गरेअनुसार आम्दानी पनि हुन्छ,' उनी भन्छन्, 'आफ्नै जमिनमा परिवारका सदस्य मिलेर काम गर्न सकिने भएकाले बाहिर गएर रोजगारी खोज्नुपर्ने बाध्यता हुँदैन ।'

**गाउँभरि फैलियो तरकारी खेती**

गडखेतमा ३५ परिवार बसोबास गर्दै आएका छन् । तीमध्ये हाल २५ परिवार व्यावसायिक तरकारी खेतीमा लागेका छन् । उनीहरूको मुख्य आम्दानीको स्रोत नै तरकारी बन्न थालेको छ। ऐडीले सुरु गरेको व्यावसायिक खेती अहिले उनको व्यक्तिगत व्यवसायमा मात्रै सीमित छैन । उनको सफलताबाट प्रभावित भएर गाउँका अन्य किसानले पनि त्यसलाई अनुसरण गरेका छन् । यसले गाउँमा तरकारी उत्पादनको क्षेत्र विस्तार हुनाका साथै किसानको आयआर्जनको स्रोत बढाएको छ । लालबहादुर काठमाडौँबाट गाउँ फर्किएर व्यावसायिक तरकारी खेती गर्ने गाउँकै पहिलो व्यक्ति थिए । निर्वाहमुखी रूपमा सबैले उत्पादन गरे पनि व्यावसायिक रूपमा खेती गर्ने कोही थिएनन् । जब उनले व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न थाले, त्यसपछि गाउँका धेरैजसो बारीमा टनेल देखिन थालेका छन् । 'सुरुमा मैले मात्रै तरकारी खेती गरेको थिएँ,' ऐडी भन्छन्, 'तरकारी बिक्री गरेर राम्रो आम्दानी हुन थालेपछि गाउँका अरू किसानले पनि यसबाट राम्रो आम्दानी हुने रहेछ भन्ने ठानेर सुरु गरे । यो मेरा लागि गौरवको विषय हो ।' एक जनाबाट सुरु भएको व्यावसायिक खेती विस्तार हुँदै गएपछि अहिले गाउँको पहिचान नै बदलिएको छ । खेतबारीमा देखिने टनेल, दैनिक बजार जाने तरकारीका भारी र त्यसबाट भइरहेको आम्दानीले गडखेतलाई तरकारीको पकेट क्षेत्रका रूपमा चिनाउँदै लगेको छ । 'मेरो दैनिक तीन भारीसम्म हुन्छ, अरूले एक-दुई भारी बजार पठाएकै हुन्छन्,' लालबहादुर भन्छन्, 'गाउँका सबै खुसी छन् । सीप सिकेर खान पायौँ, बिक्री गर्न पायौँ भनेर धन्यवाद दिइरहेका छन् ।' गाउँका किसानलाई तरकारी खेतीतर्फ आकर्षित गर्न ऐडीले आफ्नो अनुभव पनि बाँड्दै आएका छन् । कुन समयमा कुन तरकारी लगाउने, कसरी खेत तयार गर्ने, उत्पादन बढाउन के कुरामा ध्यान दिने लगायतका विषयमा आफूले जानेका कुरा अरू किसानलाई बताउने गरेको उनले सुनाए ।

**रोजगारी र आम्दानीको आधार तरकारी खेती**

तरकारी खेती लालबहादुरका लागि केवल आम्दानीको माध्यम मात्रै बनेको छैन, परिवारको रोजगारीको आधार बनेको छ । वर्षभरि खेतबारीमा काम गर्नुपर्ने भएकाले परिवारका सदस्यलाई कामको अवसर मिलेको छ । विदेश वा सहरमा रोजगारी खोज्नुभन्दा आफ्नै गाउँमा व्यावसायिक कृषि गर्न सके आम्दानीको राम्रो स्रोत बनाउन सकिने उनको बुझाइ छ । आगामी दिनमा उत्पादन अझै बढाउने योजना रहेको उनले सुनाए । बजारको मागअनुसार उत्पादन विस्तार गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्ने उनको सोच छ। उनलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको साथ मिलेको छ । कृषि ज्ञान केन्द्र बाजुराले उनलाई अनुदानमा वार्षिक टनेल तथा बीउ उपलब्ध गराउँदै आएको छ ।

**'तरकारीमा आत्मनिर्भर बन्ने बाटोमा छ बाजुरा'**

कृषि ज्ञान केन्द्रका अनुसार बाजुरा अझै तरकारीमा पूर्ण रूपमा आत्मनिर्भर हुन सकेको छैन । अन्य समयको तुलनामा बेमौसमी सिजनमा बाहिरबाट जिल्लामा तरकारी आयात हुने गरेको छ । मौसमी सिजनमा भने बाजुराबाट बाहिर निर्यात हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रेमराज न्यौपानेले बताएका छन् । 'मुख्य गरी पुस-माघ चिसो महिनामा बाहिरबाट तरकारी भित्रिने गरेको छ,' न्यौपाने भन्छन्, 'अन्य समयमा भने निर्यात हुने गरेको छ । अब बिस्तारै बाजुरा तरकारीमा आत्मनिर्भर बन्दैछ ।' जिल्लाका नौवटै स्थानीय तहका विभिन्न स्थानमा व्यावसायिक खेती भएकाले विगतको तुलनामा आयात क्रमश: घट्दै गएको न्यौपानेले बताए । उनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ५० लाख ७२ हजार २६७ मेट्रिक टन तरकारी उत्पादन भएको थियो । गत आर्थिक वर्षको तथ्याङ्क सङ्कलन भइरहेको जानकारी दिँदै उनले उत्पादन अझै बढ्ने अनुमान गरिएको बताएका छन् ।*-सेतोपाटी डटकम*

# हराउँदै 'अग्राशन' लैजाने चलन



**तुलसीपुर,** असोज ३/अग्राशन लैजाने चलन हराउँदै गएको छ । अग्रशानलाई 'अट्वारी' वा कोसेली पनि भनिन्छ। थारु समुदायमा देवता र पितृलाई चढाइने खानेकुराको केही भाग वा अंशलाई अग्राशन भनिन्छ । माघी र दसैँपछिको विशेष महत्त्व दिने पर्व हो 'अट्वारी' वा अग्राशन । पूजापछि चेलीबेटी तथा दाजुभाइलाई दिइने विशेष परिकार तथा खानेकुराको केही अंशलाई पनि अग्राशन भनिन्छ । दाजुभाइ दिदीबहिनीको रक्षाको कामना गर्दै दिनभर निर्जल, निराहर व्रत बस्ने गर्छन् । व्रत बसेका व्रतालुले फलफूललगायतका पकवान खानुपूर्व आृनो खानाबाट आधा भाग झिकेर अलग राख्ने चलन छ । त्यसरी छुट्याइएको परिकार विवाहित छोरीचेलीलाई कोसेली (अग्राशन) को रूपमा उपहार दिने गरिन्छ । छिटुवालाई काँधमा बोकेर त्यसरी छोरी चेली, इष्टमित्रलाई खानाका परिकार लिने गरे पनि पछिल्लो समय त्यो चलन हराउँदै गएको छ । "विगतमा छोरी, चेलीलाई छिटुवा (बैङ्गा) मा बोकेर लैजाने चलन थियो", तुलसीपुर १९ निवासी शिवप्रसाद चौधरीले भने," अहिले सवारीको सहज पहुँच भएर पनि होला पछिल्लो समय त्यो चलन हराउँदै गयो ।" अहिले छोरी चेलीलाई दिइने परिकार (अग्राशन) गाडीमा राखेर लिने गरिएको छ । विगतमा जति टाढा भए पनि बोकेर लैजाने चलन थियो । युवा पुस्ताले यो चलनलाई छोड्दै गएको थारु अगुवा हाँसु चौधरीले बताए । "पहिले यो पर्व मनाउने गरिएको थियो", उनले भने, "तर, पछिल्लो समय युवाले यो पर्व मनाउने चासो दिएको पाइँदैन।" भाद्र शुक्ल पक्षको पहिलो आइतबार अर्थात श्रीकृष्ण जन्माष्टमीपछिको दोस्रो आइतबारलाई 'अग्राशन' पर्वको रुपमा मनाउने चलन छ । हरितालिका तीजपछिको शनिबार मध्यरातमा दर (भिन्सर्या) खाएर अट्वारी व्रतको तयारी सुरु हुन्छ । दुई दिनसम्म मानिने अट्वारी पर्वबारे थारू समाजमा विभिन्न मत एवं धार्मिक विश्वास रहँदै आएको छ । द्वापर युगमा पाँच पाण्डवमध्येका माहिला भाइ भीमले थारू समुदायका एक जना छोरीलाई उनीमाथि भइरहेको अत्याचारबाट मुक्त गरेको स्मरणमा आइतबार दिनभरि भीमको नाममा व्रत बस्ने र पूजाआजा गर्ने चलन छ । अर्को थरिका मतअनुसार भीमले थारू राजा दङ्गिशरणलाई युद्धमा सहयोग गरेका कारण उनको पूजाआजा, व्रत बस्ने चलन रहिआएको छ। दङ्गिशरण राजाले शत्रुमाथि विजय प्राप्त गरेकाले सोही दिनदेखि हरेक वर्ष भीमको पूजाआजा गर्ने चलन चलेको थारू समुदायको विश्वास छ ।- *रासस*

# तानसेनको मध्यकालीन पहिचान...

...मध्यकालीन शहरको पहिचान तत्काल स्थापित हुने विषय नभएको भन्दै श्रेष्ठले नगरपालिकाले यसलाई दीर्घकालीन अभियानका रूपमा अघि बढाउनुपर्ने बताए । त्यसका लागि स्पष्ट नीति तथा कार्यक्रम बनाएर पर्याप्त बजेट विनियोजन गर्नुपर्ने, सम्पदा संरक्षण तथा अनुसन्धानका लागि नगरपालिकाभित्र छुट्टै संरचना वा इकाइ स्थापना गर्नुपर्ने र पुरातत्व विभाग तथा युनेस्कोलगायतका निकायसँग निरन्तर समन्वय गर्नुपर्ने उनको सुझाव छ । ऋषिकेशव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम भट्टराईले तानसेनको मध्यकालीन इतिहास अध्ययन गर्दा सेनकालमा निर्माण भएको अर्गलीको सिँचाइ कुलो, अर्गली फाँट तथा आसपासका पुराना बस्तीलाई समेत अध्ययनको दायरामा समेट्नुपर्ने बताए । तत्कालीन समयमा निर्माण गरिएका सिँचाइ प्रणाली, खेतीयोग्य जमिनको उपयोग, बस्ती विकास र स्थानीय उत्पादन प्रणालीले त्यसबेलाको सामाजिक तथा आर्थिक अवस्थाबारे महत्वपूर्ण जानकारी दिने उनले बताए । लुम्बिनी प्रदेश सरकारका पूर्वसचिव तथा इन्जिनियर भीमार्जुन पाण्डेले ऐतिहासिक सम्पदा संरक्षणलाई स्थानीय समुदायको आर्थिक तथा सामाजिक जीवनसँग जोड्न सके मात्र तानसेनको मध्यकालीन पहिचान दीर्घकालसम्म कायम राख्न सकिने बताए । पर्यटनविद् मनमोहन श्रेष्ठ, पत्रकार तथा तानसेन नगर प्रज्ञा प्रतिष्ठानका पदम न्यौपाने, अनुसन्धानकर्ता पुष्कर रेग्मीलगायतले तानसेनलाई मध्यकालीन शहरका रूपमा स्थापित गर्न ऐतिहासिक सम्पदाको विस्तृत खोज तथा अनुसन्धानलाई नगरपालिकाले प्राथमिकता दिनुपर्ने बताए । उनीहरूले तानसेनको इतिहासलाई एउटा निश्चित कालखण्डमा मात्र सीमित गर्न नहुने धारणा राखे । मध्यकालीन संरचनासँगै शाहकाल र राणाकालमा निर्माण भएका कतिपय भवन तथा ऐतिहासिक संरचनामा मध्यकालीन सीप, शैली, संरचना तथा प्रविधिको प्रयोग भएको हुनसक्ने भएकाले तिनलाई समेत अध्ययनको दायरामा समेट्नुपर्ने उनीहरूको भनाइ छ । समयक्रममा निर्माण भएका विभिन्न संरचना तीव्र शहरीकरण, अव्यवस्थित निर्माण तथा पुराना संरचनाको स्वरूप परिवर्तनका कारण जोखिममा पर्न सक्ने भन्दै सहभागीहरूले सम्पदाको सूचीकरण र संरक्षणका लागि स्पष्ट मापदण्ड बनाउनुपर्नेमा जोड दिए । सरोकारवालाले तानसेनलाई मध्यकालीन शहरका रूपमा विकास गर्ने अभियानलाई नगरपालिकाको दीर्घकालीन विकास नीतिसँग जोड्नुपर्ने सुझाव दिएका छन् । सम्पदाको खोज तथा पहिचानपछि वैज्ञानिक अभिलेखीकरण, संरक्षण, पुनःस्थापना, स्थानीय समुदायको सहभागिता, सम्पदा क्षेत्रको व्यवस्थापन तथा प्रभावकारी सूचना प्रणाली विकास गर्नुपर्ने उनीहरूको भनाइ छ । यसका लागि नगरपालिकाले सम्पदा संरक्षणसम्बन्धी छुट्टै नीति तथा कानुनी व्यवस्था गर्दै वार्षिक बजेट तथा कार्यक्रममा आवश्यक रकम सुनिश्चित गर्नुपर्ने सुझाव पनि सहभागीहरूले दिएका छन् । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेनलाई विश्व सम्पदा सूचीमा समावेश गराउने दिशामा काम अघि बढाइएको बताए । तानसेनको ऐतिहासिक तथा सांस्कृतिक पहिचान संरक्षण गर्दै पर्यटन विकासमार्फत स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउने नगरपालिकाको लक्ष्य रहेको उनले बताए । तानसेनलाई मध्यकालीन शहरका रूपमा विश्वभर चिनाउने, विदेशी तथा स्वदेशी पर्यटक आकर्षित गर्ने र पर्यटन गतिविधिमार्फत स्थानीय अर्थतन्त्र चलायमान बनाउने उद्देश्यले विश्व सम्पदा सूचीमा समावेश गराउने प्रक्रिया अघि बढाइएको नगर प्रमुख श्रेष्ठले बताए । मध्यकालीन शहरको संरक्षण र विकासका लागि आवश्यक ऐन, नियम, कानुन तथा संस्थागत संरचना निर्माणलाई नगरपालिकाले प्राथमिकतामा राखेको उनले जानकारी दिए । तानसेनको ऐतिहासिक पहिचान व्यवस्थित रूपमा स्थापित गर्न सम्पदाको खोज तथा अनुसन्धान, अभिलेखीकरण, संरक्षण र व्यवस्थापनका साथै सम्बन्धित सरकारी निकाय, विज्ञ तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गरेर अघि बढ्ने उनले बताए । विश्व सम्पदा सूचीमा समावेश हुने प्रक्रिया लामो र निश्चित मापदण्डमा आधारित हुने भएकाले सम्भावित सूचीमा रहेको तानसेनलाई वास्तविक विश्व सम्पदा सूचीसम्म पुऱ्याउन स्थानीय तह, पुरातत्व विभाग, संस्कृति मन्त्रालय, युनेस्को, विषयगत विज्ञ तथा स्थानीय समुदायबीच निरन्तर सहकार्य आवश्यक देखिएको छ ।

## खेलकुद समाचार

### एनपीएलको खेल तालिका सार्वजनिक



**काठमाडौं,** असोज ३/ नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणको खेल तालिका सार्वजनिक भएको छ । तालिकाअनुसार कातिक ९ गते सोमबारदेखि प्रतियोगिता शुरु हुनेछ । प्रतियोगिताको उद्घाटन खेलमा लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुनेछ । कातिक १० गते मंगलबार दुई खेल हुनेछन् । पहिलो खेलमा विराटनगर किंग्सले चितवन राइनोजसँग खेल्दा दोस्रो खेलमा कर्णाली याक्स र जनकपुर बोल्ट्स आमनेसामने हुनेछन् । लिग चरणका प्रतिस्पर्धा कातिक २९ गतेसम्म जारी रहनेछन् । त्यसपछि प्लेअफका खेलहरू हुनेछन् । निर्धारित तालिकाअनुसार मंसिर १ गते पहिलो क्वालिफायर आयोजना हुनेछ भने त्यसको भोलिपल्ट अर्थात् मंसिर २ गते एलिमिनेटर खेलाइनेछ । मंसिर ३ गते दोस्रो क्वालिफायरपछि प्रतियोगिताको निर्णायक खेल मंसिर ५ गते फाइनल खेल हुनेछ । प्रतियोगितामा विराटनगर किंग्स, चितवन राइनोज, कर्णाली याक्स, जनकपुर बोल्ट्स, काठमाण्डौ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्सले प्रतिस्पर्धा गर्नेछन् । एनपीएलका सबै खेलहरू कीर्तिपुरमा रहेको त्रिवि क्रिकेट रंगशालामा हुनेछन् । यसअघि सम्पन्न दोस्रो संस्करणमा लुम्बिनी लायन्सले उपाधि जितेको थियो ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


# अवैध लागूऔषध सहित...

...पक्राउ पर्नेहरूमा सिन्धुली दुधौली नगरपालिका-६ घर भएका २२ वर्षीय विनित बुढाथोकी, काठमाडौं नैकाप बस्ने शंखरापुर नगरपालिका-४ घर भएका २६ वर्षीय नविन कार्की र ललितपुर महानगरपालिका-१७ ट्यागल बस्ने बारा गढीमाई नगरपालिका-२ घर भएका २१ वर्षीय सोनु कुमार साह कलवार रहेका छन् । यस्तै सिराहाको गोलबजार नगरपालिका-६ बाट अवैध लागूऔषधसहित नरहा गाउँपालिका-३ खोरीया टोल बस्ने २४ वर्षीय महमद साहिल आलमलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-७ बाट अवैध लागूऔषध सहित पर्सा पटेर्वा सुगौलि बस्ने २५ वर्षीय राम नाथ पासवानलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरीले पटेर्वा सुगौलीबाट जितपुरतर्फ आउँदै गरेको ना.२ ह ३१११ नम्बरको अटो जाँच गर्दा उक्त गाँजा फेला पारी चालक राम नाथलाई पक्राउ गरेको हो । यसैगरी बाराको जीतपुरसिमरा उपमहानगरपालिका-७ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ ग्राम सहित पर्सा वीरगंज महानगरपालिका-३१ बस्ने २० वर्षीय दिपु राउत कुर्मीलाई प्रहरीले पक्राउ गरेको छ ।


**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक दर्लमडाँडा गा.वि.स.-३ भरेकतुङ्ग, हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5345116 W का HAV बिर बहादुर थापा (ना.प्र.मा बिर बहादुर खाम्चा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धनि सरा थापा र जन्म मिति सन् १९७२ अक्टुवर ११ (वि.स.२०२९/०६/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा धनिसरा खाम्चा, जन्म मिति वि.स. २०२९/०६/२९ (सन् १९७२ अक्टुवर १५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक दर्लमडाँडा गा.वि.स.-३ ,भरेकतुङ्ग हाल बगनासकाली गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5449092 K का HAV मीन बहादुर थापा (ना.प्र.मा मीन बहादुर खाम्चा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा नम कुमारी थापा र जन्म मिति सन् १९६४ डिसेम्वर १० (वि.स.२०२१/०८/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा नम कुमारी खाम्चा थापा, जन्म मिति वि.स. २०२१/०८/२५ (सन् १९६४ डिसेम्वर १०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बराङ्गदी गा.वि.स.-३ अर्चले, हाल तानसेन नगरपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5037801 N का RFN चन्द्र बहादुर राना (ना.प्र.मा चन्द्र बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गोयमति देवी भन्ने धन कुमारी र जन्म मिति सन् १९५१ अगष्ट १० (वि.स.२००८/०४/२६) र नेपाली नागरिकता प्रमाणपत्रमा धन कुमारी राना भन्ने गोमति देवि राना, जन्म मिति वि.स. २००६/०७/०५ (सन् १९४९ अक्टुवर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक कसेनी गा.वि.स.-६, सरापकोट हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 185277 H का Sub तोइ बहादुर राना (ना.प्र.मा तोय बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा श्याम कुमारी र जन्म मिति सन् १९६० जुलाई ६ (वि.स.२०१७/०३/२३) र नेपाली नागरिकता प्रमाणपत्रमा श्याम कुमारी राना, जन्म मिति वि.स. २०१८/०४/०५ (सन् १९६१ जुलाई २०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई